# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७७।०८।२८ गते।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका-१३ ताहाचल स्थित बैदेशिक रोजगार कार्यालयमा कार्यरत हल्का सवारी चालक (करार) समिर भन्ने धन बहादुर तामाङ र मध्यस्थकर्ता रामानन्द चौधरीले बैदेशिक रोजगारीको लागि श्रम स्वीकृती लिन आएका सेवाग्राहीसँग काम छिटो गरीदिने भनी घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज रामानन्द चौधरीलाई सेवाग्राहीबाट रु. ८,०००।-(आठ हजार) घुस/रिसवत बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा पुनः श्रम स्वीकृति दिलाई दिने सिलसिलामा बैदेशिक रोजगार कार्यलय, ताहाचल, काठमाडौंका हलुका सवारी चालक समिर भन्ने धन बहादुर तामाङ्गले बिचौलिया रामानन्द चौधरीमार्फत सेवाग्राहीबाट घुस/रिसवत माग गरी लिन लगाई उक्त रकम आफूले लिई बैदेशिक रोजगार कार्यालय, ताहाचल, काठमाडौंको अन्तिम श्रम स्वीकृति दिने शाखा रहेको कोठामा लगी फालेको अबस्थामा बरामद भएको र सेवाग्राहीको श्रम स्वीकृति गराई दिएवापत रू.८,०००/- घुस/रिसवत लिएको, मध्यस्थकर्ता रामानन्द चौधरीबाट भोलिपल्ट अर्को व्यक्तिको श्रम स्वीकृति गराउने भनी अग्रिम रुपमा रू.८,०००/- र अर्को साउदी जाने सेवाग्राहीको श्रम स्वीकृति गराई दिएवापत रू.४,५००/- समेत गरी जम्मा रू.२८,५००/- (अठ्ठाईस हजार पाँच सय) घुस/रिसवत रकम लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज समिर भन्ने धन बहादुर तामाङ्गलाई बिगो रू. २८,५००/- (अठ्ठाईस हजार पाँच सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जरिबाना र कैद सजाय हुनका साथै मध्यस्थकर्ता रामानन्द चौधरीले समिर भन्ने धन बहादुर तामाङ्गको लागि सेवाग्राहीबाट रू.८,०००/- घुस रकम माग गरी आफूले लिई सो घुस/रिसवतको रकम निज धन बहादुर तामाङ्गलाई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको र भोलिपल्ट अर्को व्यक्तिकोसमेत श्रम स्वीकृति गराउनु पर्ने भनी रू.८,०००/- रकम अग्रीम रुपमा आफैले घुस/रिसवतस्वरूप धन बहादुर तामाङ्गलाई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिंदा निज रामानन्द चौधरीउपर बिगो रू.१६,०००/- (सोह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिबाना र कैद सजाय हुन र निज धन बहादुर तामाङ्गको साथबाट बरामद भई आएको रकम रू.२३,४५०/- मध्येबाट रू.२०,५००/- दशीको रूपमा पेश गरी उक्त रकम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत हुनसमेतको मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी